## कम्पनी रजिष्ट्रारको कार्यालय,
## त्रिपुरेश्वर, काठमाण्डौं ।

### रोष्टरमा समावेश हुने सम्वन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८२।०८।०९

कम्पनीहरुमा हुने आन्तरिक विवादको व्यवस्थापन, कानून विपरितका कार्यहरुको नियन्त्रण, शेयरधनी तथा संचालकहरुको हक हितको रक्षा तथा प्रचलित कानूनको अनुपालना गर्न तथा गराउन कम्पनी ऐन, २०६३ को दफा १६ वमोजिम कम्पनी निरीक्षक परिचालन सम्वन्धी निर्देशिका, २०७९ जारी भएको छ । उक्त निर्देशिकाको दफा ७ वमोजिम कम्पनी निरीक्षकको रुपमा कार्य गर्न ईच्छुक विज्ञहरुको रोष्टर तयार गर्न लागिएको हुँदा निर्देशिकाको दफा ५ वमोजिमको योग्यता पुगेका इच्छुक व्यक्तिहरुले निर्देशिकाको अनुसुची २ मा उल्लिखित विज्ञताका क्षेत्रहरुमध्ये आफू सुचिकृत हुन चाहेको कम्तीमा एउटा क्षेत्र उल्लेख गरी अनुसुची ३ वमोजिमको ढाँचामा यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र कार्यालयको **इमेल ठेगाना** info@ocr.gov.np **वा कार्यालयको कम्पनी प्रशासन** शाखामा आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

पुनश्चः कम्पनी निरीक्षक परिचालन सम्वन्धी निर्देशिका, २०७९ र निवेदनको ढाँचा कार्यालयको वेवसाइट www.ocr.gov.np मा अपलोड गरिएको व्यहोरा समेत सुचित गरिन्छ ।

Scanned with CamScanner